प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**संक्रामक रोगबाट बचौं र बचाऔं।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
त्यसैले
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ११४ ॥ २०८१ जेठ २२ गते मंगलबार (4th Jun 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# हावाहुरीले गौरीगञ्जमा आधा दर्जन घर उडायो

झापा(प्रस) । सोमवार साँझ आएको हावाहुरीले झापाको गौरीगञ्जमा करिव आधा दर्जन घर उडाएको छ । साँझ ७.१० बजे पानीसंगै आएको हावाहुरीले गौरीगञ्ज गाउँपालिका वडा नं. ४ आल्तामारीमा क्षति गरेको हो ।



हावाहुरीले गौरीगञ्ज ४ आल्तामारी बस्ने सम्पतलाल राजवंशीको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको छाना उडाउँदा अन्दाजी १ लाख बराबरको क्षति भएको छ । त्यस्तै देवेन रायको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ८ हजार बराबरको क्षति भएको छ भने मेघराज राजवंशीको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको दुई कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ५० हजार बराबरको क्षति पुऱ्याएको छ ।त्यस्तै प्रसादु राजवंशीको टिनको छाना भएको ईटा र सिमेन्टले बनेको ४ कोठे घरको टिनको छाना उडाउँदा अन्दाजी ५० हजार र रबिन राजवंशीको टिनको छाना भएको बाँसको टाँटीले सेन्ट्रीबेरा गरेको एक कोठे भुजा मिलको छाना उडाउँदा अन्दाजी ५० हजार गरी जम्मा ३ लाख ३० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । हावाहुरीबाट एउटा बिजुलीको पोल ढलेको जनाइएको छ ।

# रतुवा खोलाले बोलेरो बगाउँदा दुई जनाको मृत्यु

झापा(प्रस)। झापाको दमकदेखि इलामको माङ्सेबुङतर्फ जाँदै गरेको बोलेरो जीप रतुवा खोलाले बगाउँदा दुई जनाको मृत्यु गएको छ । एक महिला र एक बालकको शव भेटिएको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी डीएसपी प्रकाश जवेगूले जानकारी दिए । मृत्यु हुनेहरुमा इलाम माङ्सेबुङ गाउँपालिका ५ बस्ने वर्ष अन्दाजी ३० की सर्मिला वानेम र माङ्सेबुङ गाउँपालिका ३ बस्ने निरु लिम्बुका छोरा अन्दाजी वर्ष २ का निहाङ लिम्बू रहेका छन् । त्यस्तै इलाम माङ्सेबुङ गाउँपालिका ३ खलङ्गे बस्ने वर्ष अन्दाजी २६ की निरु लिम्बू घाइते भएकी छन् । उनको लाइफ लाइन अस्पताल दमक झापामा उपचार भइरहेको छ । सोमवार साँझ ५:५० बजेको समयमा इलाम चुलाचुली ५ चपेटीस्थित दमक-लारुम्बा भित्री सडकखण्डमा दमकदेखि माङ्सेबुङतर्फ जाँदै गरेको तत्काल ( लु १ च ९४९१नम्बरको डबल क्याब बोलेरो गाडी भन्ने बुझिएको , तर एकिन नभएको) रतुवा खोला पार गर्ने क्रममा खोलामा आएको बाढीको कारण गाडी बगाइ बेपत्ता भएको थियो ।



गाडीमा चालकसहित जम्मा ६ जना सवार रहेका थिए । घटनास्थलदेखि अन्दाजी १-२ किलोमिटर आसपासमा मृतकको शव फेला परेको थियो । चालकसहित तीनजना सकुशल निस्किएको प्रहरीले जनाएको छ ।
चालक तत्काल सम्पर्कमा नआएको,बुझ्ने कार्य भइरहेको तथा गाडी घटनास्थलबाट निकाल्ने पहल भइरहेको डीएसपी जवेगूले जानकारी दिए । घटनास्थल तत्काल सुरक्षित राखी आवश्यक अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव उपरीक्षक निशान थापाको कमाण्डमा प्रहरी टोली खटिएर मुचुल्का उठाउने काम भइरहेको डीएसपी जवेगूले बताए ।

# १८ वर्ष नपुग्दै ३७ प्रतिशत नेपाली किशोरीको विवाह

• **लक्ष्मी उप्रेती**

मेचीनगर । नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई बालविवाह गरिने छैन भन्ने मौलिक हकको व्यवस्था गरिएको छ । नेपालले सन् १९६३ मा बालविवाहलाई गैरकानूनी घोषणा गरेपनि यो अझै डरलाग्दो समस्याका रुपमा रहेको छ । नेपालमा महिला र पुरुष दुवैका लागि विवाहको कानुनी उमेर २० वर्ष तोकिएको छ । राष्ट्रिय दण्ड संहिता २०१७ को दफा १७३ मा विवाह गर्ने पक्षको उमेर २० वर्ष नपुगेसम्म कुनै पनि विवाह गर्न वा गराउन नहुने उल्लेख छ ।
तर, नेपालमा ३७ प्रतिशत नेपाली किशोरीको विवाह १८ वर्ष नपुग्दै हुने गरेको एउटा अध्ययनले देखाएको छ । बालकको तुलनामा संख्यात्मक रूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको देखिएको छ । ह्युमन राइटस वाच र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको प्रतिवेदन अनुसार नेपालमा ३७ प्रतिशत बालिकाको विवाह १८ वर्ष नपुग्दै र १० प्रतिशतको विवाह १५ वर्ष नपुग्दै हुने गरेको छ । वर्ल्ड भिजन इन्टरनेशनलका अनुसार बंगलादेशपछि नेपालमा बालविवाहको दर तेस्रो स्थानमा रहेको छ । बालविवाह उच्च रहेका मुलुकहरुमध्ये नेपाल अग्रपंक्तिमा छ । दक्षिण एसियामा नेपाल बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ । केन्द्रीय बाल कल्याण जीबीका अनुसार नेपालमा हुने सबै नयाँ विवाहमध्ये ३४ प्रतिशत १५ वर्षमुनिका बालबालिकाले गर्ने गरेका छन् । केही क्षेत्रमा विशेषगरी भारतसँग जोडिएको दक्षिणी तराईका जिल्लाहरुमा यो संख्या अझ डरलाग्दो रहेको प्रतिवेदनले देखाएको छ ।
विश्वमा बालविवाहको परिदृश्य हेर्दा दक्षिण एशियामा विश्वका करिव आधा ४५ प्रतिशत बालदुलही रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार दक्षिण एशियामा २९ करोड बालदुलही रहेका छन् । झापाको मेचीनगरमा आयोजित एउटा कार्यक्रममा महिला तथा बालबालिकाका क्षेत्रमा क्रियाशील संस्था महिला जनचेतना केन्द्र



मेचीनगरका संस्थापक अध्यक्ष राधा प्रधान र अधिवक्ता टिकाप्रसाद शर्माले आफ्नो प्रस्तुतीकरणमा प्रतिवेदनका बारेमा सहभागीलाई जानकारी गराएका थिए । अधिवक्ता शर्माका अनुसार बालबालिकासम्बन्धी ऐन २०७५ ले १८ वर्ष उमेर पुरा गरेका व्यक्तिलाई बालबालिकाको परिभाषा गरेको छ । बालबालिकाको कानूनी तथा न्यायिक संरक्षणमा नेपालको कानून बाल न्याय सम्पादन कार्यविधि नियमावली २०७६ को व्यवस्था भएपनि अहिले बालबालिकाका विभिन्न समस्या ज्यूँका त्यूँ रहेको अधिवक्ता शर्माले बताए ।
बालबालिकाको कानूनी तथा न्यायिक संरक्षणमा नेपालको कानूनका बारेमा प्रष्ट पार्दै अधिवक्ता शर्माले नेपालको संविधानमा भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३९ मा बालबालिकाको हकको उल्लेख छ । सम्मानपूर्वक बाँच्न पाउने, नाम राष्ट्रियता र पहिचान, भेदभावबिरुद्धको, बाबुआमासँग बस्ने र भेटघाट गर्ने, संरक्षणको, सहभागिता, अभिव्यक्ति, स्वतन्त्रता र सूचनाको, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने, गोपनियताको, अपाङ्गता भएका बालबालिकाको विशेष, पोषण तथा स्वास्थ्य, खेलकुद मनोरञ्जन तथा साँस्कृतिक, शिक्षा बालबालिकाको मुख्यः अधिकार भएको जानकारी दिए ।
विवाह गर्नु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएपनि कम उमेरमा बालविवाह गर्नु/गराउनु जीवन र लक्ष्यको बर्बादी भएको बाल अधिकारकर्मीहरुको भनाई छ । शिक्षा, गरिबी , स्वास्थ्य, बालश्रम, बालबेचबिखन, भेदभाव, पहिचान, बालविवाहलगायत बालबालिकाका मुख्यः समस्या भएको अध्यक्ष प्रधानको भनाई छ ।

शिक्षा र गरिबी नै बालविवाहको मुख्यः कारण भएको निष्कर्ष सहभागीहरुको थियो । खासगरी, बालविवाह मधेशी तथा मुस्लिम समुदायमा बढी हुने गरेको महिला जनचेतना केन्द्रले जनाएको छ । नेपाली समाजमा बालविवाह गर्ने प्रथा खस आर्यमा मात्र सीमित नभएर यो प्रथाले तराई र सुदूरपश्चिमका दलित समुदायलाई गहिरो प्रभाव पारेको अधिकारकर्मीहरुले बताए । विशेषतः तराईका मैथिली ब्राह्मण र दलित समुदायमा बालविवाह गर्ने प्रथा अझै कायम छ । शारीरिक र मानसिक रूपमा परिवर्तन हुने उमेरमा बालबालिकाहरू वैवाहिक बन्धनमा बाँधिन पुगे भने यसको असर प्रत्यक्ष रूपमा देखिने बाल अधिकारकर्मी मणिकुमार लिम्बूको भनाई छ । सानो उमेरमा विवाह गर्नाले यौन दुर्व्यहार, अशिक्षा, कमजोर स्वास्थ्य, जनसंख्या वृद्धि आदि समस्या हुने तथा अन्धविश्वास र कुरीतिले गर्दा विवाहित किशोरीहरूले विद्यालय शिक्षा समेत पूरा नगर्ने उनले बताए । बालविवाहका कारण समाजमा थुप्रै समस्याहरु पैदा भएका छन् ।

मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीले अहिले समाजमा जरा गाडेर बसेको हानिकारक परम्पराको अन्त्यका लागि स्थानीय सरकार लागिपरेको विचार राखिन् । कानुनी रूपमा केटा र केटीको उमेर नपुगिकन विवाह गर्न नहुने, गरेमा वा यसमा सहभागी हुने जोसुकैलाई पनि कानुनी कारवाही हुने उनको भनाई थियो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता, प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले झापामा बालविवाहका घटना हुने गरेका भएपनि तीन-चार वर्षयता कसैले पनि उजुरी नगरेको बताए । 'ऐनमा स्पष्टरुपमा बालविवाह गर्नु र गराउनु अपराध हो भनेको छ' प्रहरी नायव उपरीक्षक चन्दले भन्ने ,' घटना पनि भएका छन् , हामीलाई रोकिदिनु पर्‍यो भन्ने खवर पनि आउँछ तर, कसैले लिखित उजुरी गरेका छैनन् ।' बालविवाह सम्बन्धी कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था छ ।

# कोशीमा नीति तथा कार्यक्रम प्रस्तुत

झापा(प्रस) । कोशी प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, खेलकुदसँगै कृषि र भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्ष (२०८१/०८२) का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ ।
प्रदेश प्रमुख पर्शुराम खापुङ्ले सोमबार प्रदेश सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा सडक, पुल, पुलेसा, नहर लगायतका भौतिक पूर्वाधार निर्माणसंगै सर्वसाधारणको प्रत्यक्ष जोडिने शिक्षा, स्वास्थ्य, खेलकुद लगायतका विषयलाई प्राथमिकता दिइएको हो ।
२३ पृष्ठ लामो र १ सय ३६ बुँदा समेटिएको नीति तथा कार्यक्रममा विद्यालयबाहिर रहेका तथा बञ्चितिकरणमा परेका बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याउन स्थानीय सरकारसँग सहजीकरण गरिने देखि सामुदायिक शिक्षकहरुको क्षमता विकासका लागि विशेष तालिमहरुको प्रवन्ध गरिने जनाइएको छ ।
सरकारबाट निर्मित सडकहरूको नियमित मर्मत सम्भार कार्यका लागि मर्मत सम्भार कोषको व्यवस्था गरी कोष सञ्चालन गर्न कानुनी व्यवस्था गर्ने, सडक बोर्ड ऐनलाई समयानुकूल परिमार्जन गरी सडकबाट प्राप्त हुने शुल्कमा प्रदेशको पनि हिस्सेदारी हुनेगरी नेपाल सरकारसँग पहल गरिने जनाइएको छ ।
झापाको कमल गाउँपालिकास्थित आदिवासी जनजाति रंगशालालाई प्रादेशिक स्तरीय रंगशालाको रुपमा विकास गरिने जनाइएको छ । त्यस्तै, बैजनाथपुरको क्रिकेट रंगशालालाई संघीय सरकारसंगको सहकार्यमा प्रदेश सरकारको मातहतमा



❖ बाँकी अन्तिम पृष्ठमा



# पहिलो पटक प्रहरीले मनायो जातीय उन्मूलन दिवस

• **वीरु दर्नाल,**

बिर्तामोड । छुवाछुतमुक्त राष्ट्र घोषणा भएको १८ वर्षपछि पहिलो पटक प्रहरीले जातीय भेदभाव तथा छुवाछुतविरुद्धको दिवस मनाएको छ ।

गृह मन्त्रालयको निर्देशनमा इलाका प्रहरी कार्यालय बिर्तामोडद्वारा जातीय भेदभाव तथा छुवाछुतविरुद्धको दिवसमा र्याली आयोजना गरिएको थियो । हरेक वर्ष जेठ २१ गते छुवाछुतमुक्त राष्ट्र घोषणा दिवस मनाइने गरिन्छ । ढिलो गरी मन्त्रालयबाट निर्देशन आएका कारण सीमित उपस्थितिमा सम्पन्न कार्यक्रमलाई ईलाका प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायव उपरीक्षक प्रकाश विष्टले सम्बोधन गर्दै जातीय बिभेदजन्य कुनै पनि कार्यलाई छुट नदिने कानूनमा उल्लेख भएकोले जातकै आधारमा एकले अर्कोलाई बिभेद र कुनै पनि ठाउँमा छुवाछुत गर्न नहुने बताए । आफू विद्यार्थीकालदेखि यसबारे सचेत हुँदै आएको र अझ प्रहरी संगठनमा आएपछि यसलाई नजिकबाट बुझेको उनले बताए ।

कार्यक्रममा दलित अभियन्ता छबिलाल बिक , बिर्तामोड नगरपालिकाकी कार्यपालिका सदस्य सीता ढुंगाना , सुन्दर सामुदायिक प्रहरी केन्द्रका लक्ष्मी गौतमले कार्यक्रमबारे आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको संचालन प्रहरी निरीक्षक नरेश लिम्बूले गरेका थिए ।

त्यसैगरी समुदाय-प्रहरी साझेदारीअन्तर्गत जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय झापाको आयोजनामा प्रभातफेरि निकालिएको थियो । जिल्ला प्रशासन कार्यालय झापाको प्राङ्गणबाट प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाको प्रमुख आतिथ्यतामा निकालिएको



जनचेतनामूलक प्लेकार्ड, व्यानरसहितको प्रभातफेरिले चन्द्रगढी बजार परिक्रमा गरी जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा कोणसभामा परिणत भई समापन भएको थियो ।

यसैबीच नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले नेपाली कांग्रेसका संस्थापक नेता वी.पी. कोइरालाले नै छुवाछुत मुक्ति र जातीय सहभागिताको अभियान चलाउनुभएको बताएका छन् ।

नेपाल दलित संघ झापाको आयोजनामा छुवाछुतमुक्त राष्ट्र घोषणाको १८ औं स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस झापाको कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै थेबेले यस्तो विचार राखेका हुन् । पिछडिएका जातजातिलाई अवसर प्रदान गरेर राज्यसंयन्त्रमा वीपीले २००७ सालमै सहभागी गराएको बताउँदै उनले नेपाली कांग्रेसको नेतृत्वमा ल्याइएको नेपालको संविधान-२०७२ ले राज्यका हरेक संयन्त्रमा समानुपातिक सहभागिताको ब्यवस्था गरेको दाबी गरे ।

समानुपातिक सहभागिताको संवैधानिक ब्यवस्था नहुँदै वी.पी. कोइरालाले आफू प्रधानमन्त्री हुँदा पिछडिएको जातजाति, वर्ग क्षेत्र र लिङ्गका आधारमा समानुपातिक प्रतिनिधित्वसहितको मन्त्रिमण्डल गठन गरेको इतिहास स्मरण गरे । नेपाली कांग्रेस पार्टीको विधानमा समेत प्रत्येक तहगत संरचनामा पिछडिएका जातजाति, क्षेत्र, बर्ग, लिङ्गको सहभागिता सुनिश्चित गरिएको र सोहीअनुरुप सहभागिता बढाइएको सभापति थेवेले जानकारी दिए । आफ्नो सांगठनिक संरचनालाई वडादेखि जिल्ला तहसम्मै चुस्तदुरुस्त राख्न नेपाल दलित संघलाई उनले निर्देशनसमेत दिए ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले कानुनी रूपमा मात्रै छुवाछुत र विभेदसम्बन्धी समस्या समाधान भएर नहुने बताउँदै भावी पिढीलाई राम्रो शिक्षा दिएर मात्रै छुवाछुत अन्त्य गर्न सकिने धारणा राखे । पछिल्लो समय जातजातिबीच भन्दा अभाव र गरिबी भोगिरहेकाहरुले छुवाछुतबाट बढी पीडा भोग्नुपरेको बताउँदै उपसभापति पाण्डेले सबैको मुक्तिका लागि बिपीले दुखको बाटो रोजेकै कारण जनताले समानताको अनुभूति गर्न पाएको धारणा राखे । नेपाली कांग्रेस कोशी प्रदेश सदस्य राजकुमार बराइलीले २०४६ सालको जन आन्दोलनपश्चात् कागजी रुपमा थुप्रै उपलब्धि भए पनि कार्यान्वयन चुस्त दुरुस्त नभएको बताउँदै ब्यवहारिक रुपमा अझै विभेद नहटेको धारणा राखे । नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले चेतनास्तरका आधारमै मान्छे हुने उल्लेख गर्दै मान्छे- मान्छेबीचमा विभेद गर्न नहुने बताए । कार्यक्रममा नेपाल दलित संघ कोशीका सचिव जीवन परियार, पूर्व केन्द्रीय सदस्य टंक विश्वकर्मा र हस्त परियार, अगममान बिक मिना गजमेरलगायतले शुभकामना मन्तब्य राखेका थिए । छुवाछुतमुक्त राष्ट्र घोषणा एवं यससम्बन्धी कानुनी र संवैधानिक ब्यवस्थाका बारे अधिबक्ता नारायणप्रसाद पौडेलले प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षण दिदै अधिबक्ता पौडेलले परिवर्तित समय र आवश्यकताका आधारमा कानूनहरु संशोधन हुने बताउँदै आवश्यकताकै आधारमा छुवाछुतमुक्त राष्ट्र घोषणा भएकाले यसको प्रभावकारी कार्यान्वयन जरुरी रहेको धारणा राखेका थिए नेपालको संविधान २०७२ को धारा २४ मा छुवाछुतसम्बन्धी ब्यवस्था रहेको र छुवाछुत गरेमा १ हजारदेखि २५ हजार जरिवानाको ब्यवस्था रहेको उनले जानकारी दिए ।

नेपाल दलित संघ झापाका अध्यक्ष दलबहादुर विश्वकर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत ध्रुव कनालले गरेका थिए भने सञ्चालन पम्फा विश्वकर्माले गरेकी थिइन् । कार्यक्रममा विर्तामोड-५ का सविता मल्लिकसहित २० बढी नेपाली कांग्रेसमा प्रवेश गरेका थिए । पार्टी प्रवेश गर्ने सवैलाई उपसभापति पाण्डे र सचिव हुमागाईले पार्टीको साधारण सदस्यता प्रदान गर्दै स्वागत गरेका थिए ।

**कोशीमा...**

संचालनका लागि पहिल गरिने जनाइएको छ ।

भाषा, साहित्य, कला र नाट्य क्षेत्रको विकासवारे पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । लिम्बू भाषा र मैथिली भाषालाई प्रदेशको सरकारी भाषा बनाउन पहल गरिने जनाइएको छ ।

जनावरहरुलाई एकै थलोमा राखेर प्रदेश स्तरीय चिडियाघर सञ्चालन गरी पर्यटन विकासको सम्भाव्यता अध्ययन गगरिने जनाइएको छ ।

चतरा क्षेत्रलाई समेटेर व्यवस्थित कुम्भ क्षेत्र निर्माण गर्ने, २०८२ लाई कोशी प्रदेश पर्यटन वर्षका रूपमा मनाउने, २०८२ साल वैशाख १ गते तीनजुरे मिल्के जलजले क्षेत्रमा अन्तर्राष्ट्रिय गुराँस महोत्सव गर्ने र ' पासाङ ल्हामु पर्वतारोहण अध्ययन प्रतिष्ठान' गठनसम्बन्धी कानुनी प्रबन्ध गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेशले आगामी वर्ष चियाको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय स्तरको चिया महोत्सव आयोजना गर्ने जनाएको छ । संघको मातहतमा रहेको नेपाल चिया तथा कफि विकास वोर्डलाई प्रदेशमा ल्याउने तयारी पनि गरिएको छ ।




KAPURI AUTOCORP PVT. LTD.
BHADRAPUR ROAD, BIRTAMODE
023-530452, 9802600519

# यसपालिको मनसुनमा १८ लाख बढी मानिस प्रभावित हुने

झापा(प्रस) । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यसपालिको मनसुनमा १८ लाखभन्दा बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ। प्राधिकरणले सोमवार सार्वजनिक गरेको विवरणअनुसार बढी पानी पर्ने अनुमान गरिएको यसपालीको मनसुनमा १८ लाख एक हजारभन्दा बढी मानिस प्रभावित हुने जनाइएको छ।

प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले कूल चार लाख १२ हजार घरघुरीका १८ लाख एक हजारभन्दा बढी मानिस कुनै न कुनैरूपमा प्रभावित हुने अनुमान गरिएको जानकारी दिए। उनका अनुसार ८३ हजार घर परिवार प्रत्यक्ष प्रभावित हुने र १८ हजार घर परिवारलाई उद्धार



तथा राहत दिनुपर्ने अवस्था आउने आँकलन गरिएको छ।

गतवर्ष १२ लाख मानिस प्रभावित हुने अनुमान गरिएको थियो। त्यसको अघिल्लो वर्ष २० लाख बढी प्रभावित हुने अनुमान गरिएको थियो। जल तथा मौसम विज्ञान विभागले यसपाली सरदर भन्दा बढी पानी पर्ने सम्भावना ३५ देखि ५५ प्रतिशत रहने आँकलन सार्वजनिक गरिसकेको छ। सोही अनुसार यसपाली बढी जोखिम हुने भएकाले सबै निकायलाई आवश्यक तयारीमा लाग्न निर्देशन गरिसकिएको पनि उनले बताए।

गृह मन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार भएकाले सोही अनुसार अघि बढेको डा. भट्टराईले जानकारी दिए। मौसम विभागका अनुसार अब मनसुन भित्रिने समय नजिकिएको छ। सोही अनुसार गृहमन्त्रालयले आवश्यक तयारी गरिरहेको छ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः श्री सितामाया कार्कीको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री अम्बे भवानी प्लाईबोर्ड उद्योग प्रा.लि. ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | ०-०-० | ८२८, ८२५, ८३०, ८१९, ८२९, ५७१, ७१८, ५७२ | ०-९-६, ०-४-१४, ०-७-१५, ०-१-४, ०-६-८, ०-७-०, १-८-१५, ०-९-० | २०८०/१२/२८ | २०८१/०१/१० | २०८१/०२/०३ |

# मनसुनमा सबैभन्दा धेरै प्रभाव झापामा पर्ने अनुमान

बिर्तामोड(प्रस) । यस वर्षको मनसुन अवधिमा सबैभन्दा धेरै झापा प्रभावित हुने अनुमान गरिएको छ ।

कोशी प्रदेशका १४ जिल्लाहरुमध्ये झापा, मोरङ, सुनसरी र उदयपुर बाढीबाट र बाँकी सबै जिल्ला पहिरोबाट प्रभावित हुने अनुमान छ । झापा बाढीबाट प्रभावित हुने जिल्लाको अग्रपंक्तिमा आउँछ । गत वर्षको मनसुन अवधिमा कोशी प्रदेशमा २१३ वटा विपदका घटना भएका थिए । मानवीय क्षति कोशीमा १७ जनाको मृत्यु भएको थियो । गृह मन्त्रालयको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१ सोमवार पारितसमेत गरेको छ ।

कार्ययोजनामा यस वर्षको मनसुनमा हुन सक्ने वर्षा, त्यसले पुऱ्याउन सक्ने प्रभाव, त्यसबाट उत्पन्न हुने विपद र सम्भावित क्षतिको आँकलन तथा विश्लेषण समावेश छ । ऐतिहासिक अभिलेख, बाढी पहिरोको जोखिम सम्बन्धी वैज्ञानिक अध्ययन र यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी पानी पर्ने पूर्वानुमान, विगतको मनसुनको वास्तविकता, यस वर्षको डढेलोको प्रकोप र भूकम्पका आधारमा सम्भावित क्षतिको आँकलन तथा विश्लेषण गरिएको प्राधिकरणका प्रवक्ता डक्टर डिजन भट्टराईले जानकारी दिए ।यस वर्षको मनसुन नजिकिँदै गर्दा प्राधिकरणले कोशी प्रदेशमा २२ हजार घर परिवार प्रभावित हुन सक्ने र ५ हजार घरपरिवारलाई उद्धार तथा राहत दिनुपर्ने अनुमानित तथ्यांक तयार पारेको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुनको अवधिमा नेपालको पूर्वी क्षेत्रमा सामान्यभन्दा अत्यधिक वर्षा हुने पूर्वानुमान भएकाले कोशी बढी प्रभावित हुने अनुमान गरिएको प्राधिकरणका प्रवक्ता डक्टर भट्टराईले बताए ।यसवर्षको मनसुन अवधिमा अघिल्लो वर्षको तुलनामा बढी प्रभाव पर्ने आँकलनका आधारमा सेना, सशस्त्र र नेपाल प्रहरीको जनशक्ति पनि ३१ हजारभन्दा बढी परिचालन गर्ने योजना छ । नेपाली सेना १० हजार ८४७, नेपाल प्रहरी १० हजार ५८५ र सशस्त्र प्रहरी बल ९ हजार ९२४ जना परिचालन गर्ने योजना छ । यी बाहेक स्काउट लगायतका स्वयम्सेवक पनि परिचालन गर्ने योजना छ ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री मनीषा कोइरालाको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री गंगामाया लामिछानेले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जीमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ ०११ ९ | ११५० | १३५.४४ | २०८०/०२/२९ | २०८०/०२/२९ | २०८०/०९/०४ |

## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागिः**

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३

रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# लूबाट बचौं

बिहीबार अधिकतम् तापक्रम नेपालगञ्जमा ४४.२, धनगढीमा ४४.१, वीरेन्द्रनगरमा ४१ र दाङको घोराहीमा ४०.२ डिग्री सेल्सियस मापन भएको थियो । जल तथा मौसम विज्ञान विभागले तराईको केही भूभागमा अत्यधिक गर्मी हुने हुँदा सचेत रहन आग्रह गरेको छ । विभागले अझै तातो हावा तथा तातो लहरको सम्भावना भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

लुम्बिनी, मधेश प्रदेशका तराई भूभागका केही स्थानमा र पहाडी भूभागका उपत्यका तथा खोँचहरूमा अझै अत्यधिक गर्मीको सम्भावना रहेकाले सचेत रहन आग्रह गरेको हो । तापक्रम एक्कासि बढेपछि तातो हावा अर्थात् 'लू' चल्ने सम्भावना बढी हुन्छ । कन्सल्टेन्ट फिजिसियन डा.धुव्र गैरेले 'लू'का कारण टाउको दुख्ने, वान्ता हुने, बेहोस हुने जस्ता स्वास्थ्य समस्या देखिने बताउँछन् ।

डा.गैरेका अनुसार 'लू'का कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, वान्ता हुने जस्ता लक्षण देखिने गर्दछन् । तातो हवाका कारण बालबालिका वृद्धवृद्धा तथा दीर्घरोगी बढी प्रभावित हुने उनको भनाइ छ । ''यदि स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रहन उहाँको सुझाव छ,'' उनी भन्छन्, ''यदि तातो हावाका कारण मुटुको चाल तीव्र हुने श्वासप्रश्वासमा समस्या हुने, रक्तचाप कम हुने, शरीरबाट पसिना निस्कने, टाउको अत्यधिक दु:खने, चक्कर लाग्ने, ज्वरो आउने जस्ता समस्या देखिए बिरामीलाई तुरुन्त अस्पतालमा लैजानुपर्छ ।''

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तातो हावा बच्न गर्मीको समयमा दिउँसो सकभर घर बाहिर ननिस्कन आग्रह गरेको छ ।

यदि घर बाहिर निस्कनै परेमा छाता ओढ्ने वा पातलो कपडाले टाउको छोप्न, हाल्का खालको शीतल हुने कपडा लगाउन मन्त्रालयले आग्रह गरेको छ ।

प्रशस्त मात्रामा पानी पिउने, बेलाबेलामा चिसो पानीले नुहाउने, खेतबारीमा वा घर बाहिर काम गर्दा बिहान वा बेलुकाको समयमा गर्ने, कागती पानी, नरिवलको पानी तथा फलफूलको रस पिउने, काँक्रोलगायत घरमै बनाएको ताजा खानेकुरा खान मन्त्रालयको आग्रह छ । साथै चिया, कफी, सोडा जस्ता पेयपदार्थ नपिउन, धूम्रपान तथा मदिरा सेवन नगर्न मन्त्रालयको सुझाव छ ।




# किचलोमा पत्रकारको सदस्यता



• डा. सुरेश आचार्य

नेपाली पत्रकारको साझा संस्था नेपाल पत्रकार महासंघको महाधिवेशन सकिएको एक महिना भएको छ । त्यही महाधिवेशनले तोकेको निर्वाचन समय अनुसार आउने शनिबार अर्थात् जेठ २६ मा देशभर एकसाथ तीन तहका निर्वाचन हुनुपर्ने छ । मुलुक संघीय संरचनामा गएपछि संविधानले तीन तहलाई पालिका, प्रदेश र केन्द्रीय माने पनि दलहरू र संघ संस्थामा जिल्ला तहको मान्यता कायमै छ । नेपाल पत्रकार महासंघमा पनि जिल्ला शाखा कायम छन् । यसरी ७७ जिल्ला, भूगोल र प्रतिष्ठान एवं एसोसिएट्ससहितका १० प्रदेश र केन्द्रीय समितिका लागि एकै दिन एकै समयमा प्रत्यक्ष प्रणालीबाट निर्वाचन हुन लागेको यो दोस्रो पटक हो ।

यी पङ्क्ति लेखिँदै गर्दा जिल्लामा निर्वाचन समिति बनेका छैनन् र केन्द्रीय निर्वाचन समितिले निर्वाचनको कुनै तालिका प्रकाशन गर्न सकेको छैन । यसको मूल कारण महासंघका सदस्यका बारेमा टुङ्गो लगाइएको भनिएको सूचीलाई अधिकांश जिल्ला शाखाले अस्वीकार गरेका छन् र शाखालगायत केन्द्रीय कार्यालयमा समेत चार/चार वटा ताला लगाइएको अवस्था छ । आफू पत्रकार महासंघको सदस्य हो वा होइन भन्ने द्विविधाका बिच देशभरका पत्रकार रहेका छन् । महासंघको सदस्यता वितरण शैलीका कुरा सुन्दा लाग्छ, जोकोही पत्रकार कतिञ्जेल सदस्यको सूचीमा रहन्छ र कतिबेला हटिसकेको हुन्छ, थाहा हुँदैन । यी पङ्क्ति लेखिँदै गर्दा कञ्चनपुरका वरिष्ठ पत्रकार तथा नेपाल पत्रकार महासंघका केन्द्रीय पूर्वउपसभापति तेजबहादुर भण्डारीले फोनमा सुनाउनु भयो, "मैले सदस्यता नवीकरण गरेर बसेको छु तर मेरो सदस्यता सिफारिस नै भएनछ ।" सप्तरीबाट आएको फोनमा जानकारी आयो, (अर्का केन्द्रीय पूर्वउपसभापति) स्वर्गीय शिवहरिप्रसाद भट्टराईको सदस्यता कायम गरेर पठाइएको छ ।

महासंघका सदस्यको शुद्धीकरण गर्ने निर्णय अघिल्लो वर्ष पुसमा सुर्खेतमा भएको साधारण सभाले गरेको थियो । त्यसपछि केन्द्रले बनाएको शुद्धीकरण मापदण्डका आधारमा जिल्लाले आफ्नो सूची प्रदेशमा पठायो । प्रदेशले केन्द्रमा पठाएको सूचीमा जिल्लाले सिफारिस नगरेका पनि परेका छन् र प्रदेशले सिफारिस नगरेकालाई केन्द्रले सदस्य बनाइदिएको छ । जब संस्थागत सोच र मान्यताले काम गर्दैन र स्वार्थ हाबी हुन्छ तब शुद्धीकरण वा अरू जेसुकै नाम दिए पनि त्यसको कुनै अर्थ भएन । अहिले भएको त्यही हो र यसले अरूका असङ्गत पक्षमा तिखो आलोचना गर्ने पत्रकारको तमासा देखेर नागरिक तह चकित परेको छ । अहिले जे भइराखेको छ, महासंघको संशोधित विधान २०७५ को भावना र मर्मविपरीत भइरहेको छ । विधानले सदस्यताका अधिकार प्रस्ट रूपमा शाखा वा एसोसिएट्स संस्थालाई दिएको छ । विधानको सदस्यता प्राप्तिसम्बन्धी धारा ५ को व्यवस्था अनुसार शाखा वा एसोसिएट्स संस्थामा परेको निवेदनमा छानबिन गरी योग्यता पुगेका सदस्यता स्वीकृत गरी अनुमोदनका लागि सम्बन्धित प्रदेश समितिमा पठाउने मात्रै हो । सदस्यताको पुनरावेदन अधिकार प्रदेश समितिलाई मात्र छ । उसले छानबिन गरी नदिनु पर्नेलाई दिएको वा दिनुपर्नेलाई नदिएको भएमा त्यस्तो गर्ने सिङ्गो समिति, पदाधिकारी वा जिम्मेवार व्यक्तिमाथि नै छानबिन गरेर प्रदेश समितिले कारबाही गर्न सक्छ । त्यस्तो कारबाहीमा सिङ्गो समिति वा कुनै पदवाला व्यक्ति परेमा तीन महिनाभित्र विधानबमोजिमको निर्वाचन गर्नु पर्ने प्रस्ट व्यवस्था छ । केन्द्रले हेर्ने (पुनरावेदन सुन्ने) भनेको प्रदेशले गरेका कारबाही माथि मात्रै हो, सदस्यता होइन । सदस्यताको टुङ्गो जिल्लाको सिफारिसका आधारमा प्रदेशले मात्रै गर्न सक्छ । केन्द्रले सदस्यताका विषयमा गर्न सक्ने भनेको एसोसिएट्स संस्थाको सदस्यता खारेजी हो । त्यस संस्थामा रहने सदस्यको समेत हेर्न सक्दैन । पाउँदैन । विधानको यो भावनाअनुरूप सदस्यताका विषयको छलफल भएन । सुरुमा प्रदेशमा सदस्यता सिफारिस गर्दैगर्दा शाखाले त्यो सूची सार्वजनिक गर्नु पर्छ । त्यसो भएमा मात्र कुनै सदस्यले आफ्नो सदस्यताका बारेमा जानकारी पाउँछ वा गलतले पाएको रहेछ भने खारेज गर्ने माग गर्न सक्छ । यो प्रक्रियाबिना प्रदेशमा सिफारिस भए । कतिपय शाखाले त गोप्य राखेर सिफारिस गरे । सिफारिस गरिएका सदस्यका बारेमा कुनै दाबी नआएमा प्रदेशको काम अनुमोदन गर्ने मात्र हो । गलत सिफारिस भएमा कारबाही र पाउनु पर्नेले नपाएको भएमा उसको बारेमा छानबिन गरी सदस्यता दिलाउने हो । प्रदेश समिति नै सदस्यताको हकमा अन्तिम अख्तियारी प्राप्त निकाय हो । केन्द्रलाई उसले केवल रेकर्ड पठाउने हो ।

यसको आशय यो पनि हो, सदस्यताका विषयमा केन्द्रले कार्य समिति वा महाधिवेशनमा कुनै अजेन्डा बनाउन पाउँदैन । सदस्यता विवाद समाधानमा विधान नै बाधक जस्तो लाग्यो भने विधान संशोधन प्रस्ताव महाधिवेशनमा लैजान सक्छ । विधान र पद्धति बिना महासंघलाई चलाउन क्रममा महाधिवेशनलाई समेत प्रभावित गरियो र महाधिवेशनमा विधानभन्दा माथि रहने गरी तथाकथित सदस्यता छानबिन समिति गठन गराइयो । त्यो समितिले गरेका काममा दलगत आस्थाका आधारमा खुलेका संघ सङ्गठन महासंघको सदस्यताका विषयमा सिधै सदस्यता बहस भइरहेको कार्यकक्षमै पुगे । यतिसम्म सुनियो-ती संघ सङ्गठनका नेताले महासंघका पदाधिकारी र छानबिन समितिसमेतलाई बाहिर राखेर सहमतिको संवाद गरे र महासंघलाई निर्देशित गरे । र पनि, समाधान निस्किएन, अझ बल्झिएर गयो ।

विधि र विधानलाई टेकेर सदस्यताको शुद्धीकरणको प्रक्रिया प्रारम्भ गरिएको भए यो तमासा हुने थिएन । सदस्यतासम्बन्धी विधानको धारा ५(८) मा महासङ्घको सदस्यताका लागि निर्वाचन हुनु छ महिनाअघि जुनसुकै बेला आवेदन गर्न सकिने तर त्यसबिचमा स्वीकृत, अनुमोदन र स्थानान्तरण हुन नसक्ने प्रस्ट उल्लेख छ । अहिले भएका सदस्यताका विवादमा विधानलाई टेकेर बहस गर्ने हो भने अहिले गरिने कुनै पनि सदस्यताको अनुमोदन वा स्वीकृति मान्य हुँदैन । कानुनी भाषामा खारेज भागी हुन्छ । कसैले यही आधारमा अदालतमा मुद्दा गर्ने हो भने पत्रकार महासङ्घ वा महाधिवेशनबाट अख्तियारी पाएको भनिएकाहरूले आफ्नो कामको बचाउ गर्ने थोरै पनि आधार बाँकी छैन ।

विधानतः सदस्यताको अख्तियारी शाखा वा एसोसिएटलाई मात्र छ । सदस्यता नदिएमा वा गलत दिएमा सजाय भोग्न तयार भएर शाखाले स्वीकृत गरेर अनुमोदनका लागि पठाउने हो । यति ठुलो चुनौती मोलेर शाखाले गर्ने सिफारिस गलत नहुनु पर्छ । शाखाले गरेको प्रारम्भिक गल्ती कसका नाम स्वीकृत भए भनेर जानकारी नदिनु हो । शाखाले यो जानकारी नदिँदा प्रदेशले यी नाम स्वीकृत भएर आएका छन्, छुट वा गलत भए दाबी पेस गर्न भनेर सूचना प्रकाशन गर्न पनि सक्थ्यो । यति मात्र होइन, प्रदेशले अन्तिम सूची प्रकाशन गर्नुपर्ने आफ्नो अधिकारको प्रयोगसमेत नगरी सदस्यता विवरण केन्द्रमा पठाउने काम गऱ्यो । यसबिचमा खुला र पारदर्शी ढङ्गमा हुनुपर्ने काम अत्यन्त गोप्य शैलीमा गरिए । समस्याको जड यही हो र यसमा टेकेर महासङ्घको केन्द्रले अनाहक खेल्ने काम गऱ्यो ।

सदस्यताको टुङ्गो नलागी निर्वाचन हुन सक्दैन । सदस्यता टङ्गो नलागी कुनै शाखाले निर्वाचन समिति बनाउने सम्भावना पनि रहँदैन । सदस्यता टुङ्ग्याउने सहज विकल्प पनि महासंघसँग छैन । पुराना सदस्यका आधारमा जाउँ भन्दै गर्दा नयाँ सदस्य छुट्छन् । जिल्लाको सिफारिस मानेर जाउँभन्दा पहिलो स्वीकृतिमा कथम् पुरानासमेत छुटेका रहेछन् भने उनीहरूले दाबी गर्ने मौका नपाउने भए । निर्वाचन गराउनु पर्ने दायित्व केन्द्रीय समितिको हो । यत्रो विवाद हुँदै गर्दा केन्द्रीय समितिका कतिपय पदाधिकारी र सदस्य नै प्रतिपक्षको भूमिकामा पुगिसकेको अवस्था छ । त्यसैले भत्किएको अवस्थालाई समालेर लैजानका लागि कुनै न कुनै आधार तय गर्नै पर्छ । अब प्राविधिक हिसाबले पनि तोकिएको समयमा निर्वाचन हुने अवस्था छैन । तसर्थ छोटो समय दिएर फेरि एक पटक विधानसम्मत आधारमा सदस्यता स्वीकृत गरेर प्रदेश समितिमा अनुमोदनका लागि पठाउन शाखामा फर्कन सकिन्छ र अरू एकाध दिनको समय लिएर प्रदेश समितिले छुटेका वा गलत भएका हकमा निरूपण गर्न सक्छ ।

पत्रकारिता महासंघको सदस्यताबिना पनि गर्न सकिन्छ तर महासङ्घको गरिमा र मर्यादा कायम राख्न पनि महासंघको सदस्यता विवादरहित बनाउन उत्तिकै जरुरी छ । २०१२ सालदेखि निरन्तर क्रियाशील रहँदै आएको पत्रकारको यो साझा संस्थाप्रतिको भावना मर्न दिन हुँदैन । विवादका बिच निर्वाचनमा जानुभन्दा कानुनसम्मत निकायलाई जानकारीसमेत गराई केही समय लिएर भए पनि प्रक्रियागत रूपमा जानु नै यतिबेलाको श्रेयस्कर उपाय हुन सक्छ ।

# पुँजीगत खर्च सुक्दै, ऋणले थिचिँदै



• नन्दलाल खरेल

आमूल परिवर्तन र पटक-पटक क्रमभंगको कुरा गर्ने कम्युनिस्ट नेतृत्वको सरकारका अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८१/०८२ का लागि यथास्थिति शैलीमै पुँजीवादी बजेट सार्वजनिक गरेका छन्। कागलाई बेल पाक्यो हर्ष न विस्मात भने झैं यो बजेटले आमसर्वसाधारण जनतालाई कुनै रक्तसञ्चार गराउन सकेको छैन। 'नयाँ बोतलमा पुरानै रक्सी' झैं आम्दानी र खर्चको क्षमता अभिवृद्धि गर्ने योजनाबिना अर्थमन्त्रीले परम्परागत शैलीकै बजेट प्रस्तुत गरेका छन्। आमनागरिकको निराशा चिर्ने र आशा जगाउने बजेट ल्याउन सकेन यो कम्युनिस्ट नेतृत्वको सरकारले। यद्यपि, अगामी वर्ष आर्थिक वृद्धिदर ६ प्रतिशत पुऱ्याउने र मूल्यवृद्धि ५.५ प्रतिशतमा सीमित राख्ने लक्ष्यसहित सरकारले आर्थिक सुधारको वर्ष घोषणा गरेको छ। अर्थमन्त्रीले बजेटलाई आत्मविश्वास र आशा जगाउने दस्तावेज बनाएको दाबी गरेका छन्। तर, यथार्थताको कसीमा दाँजेर हेर्दा उनको दाबीमा कुनै सत्यता भेटिँदैन।

अर्थमन्त्रीले १८ खर्ब ६० अर्ब ३० करोडको बजेटमा पुँजीगत खर्चका लागि ३ खर्ब ५२ अर्ब ३५ करोड अर्थात् १८.९४ प्रतिशत विनियोजन गरेका छन्। यो अत्यन्तै न्यून हो। न्यून पुँजीगत बजेटमा विकास/समृद्धिका आधार स्तम्भहरू पूरा गर्न सकिँदैन। विगत एक दशकको मात्रै तुलना गर्ने हो भने बजेटको आकारको तुलनामा पुँजीगत रकम क्रमशः घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७२/०७३ मा ८ खर्ब १९ अर्ब ४६ करोडको बजेटमा पुँजीगत खर्च २ खर्ब ८ अर्ब थियो भने २०७३/०७४ मा १० खर्ब ४८ अर्ब ९२ करोडको बजेटमा पुँजीगत खर्च ३ खर्ब ११ अर्ब थियो। तर अहिले १८ खर्ब ६० अर्ब ३० करोडको बजेटमा ३ खर्ब ५२ अर्ब ३५ करोड मात्र छुट्ट्याइएको छ। जुन ज्यादै लज्जाको विषय हो। चालु खर्च बढ्दै जानु राजस्वको स्रोत बढ्न नसक्नु, ऋणको भार थपिँदै जानु र स्वाधीन अर्थतन्त्र कमजोर हुनुको कारणले पुँजीगत खर्च न्यून विनियोजित भएको हो। करको दायरा नबढाउनु राजस्वको स्रोतहरू खोज्न नसक्नु, बढ्दो खर्चलाई घटाउन नसक्नुका कारणले सरकारले पुँजीगत खर्चलाई बढाउन नसकेको हो। दिगो विकास सुनिश्चित गर्नका लागि पुँजीगत बजेटमा जोड दिनु पर्ने हुन्छ। चालु वर्षको लागि पुँजीगत खर्च १७.२५ प्रतिशत विनियोजन गरेको थियो भने आउँदो आर्थिक वर्षका लागि १८.९४ प्रतिशत गरिएको छ। यो झिनो सुधारले तात्विक फरक पार्दैन।

आगामी वर्षको बजेटले आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकासस समावेशिता र सामाजिक सुरक्षा, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने पाँच प्राथमिकता तय गरेको छ। जसका लागि ३ खर्ब ५२ अर्बको पुँजीगत बजेटले पूरा गर्न सक्दैन। यो पुँजीगत बजेट पनि सबै खर्च हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन। हरेक वर्ष बजेट समीक्षामार्फत पुँजीगत बजेट पनि घट्ने गरेको छ। आर्थिक सुधारको लागि पर्याप्त बजेटले मात्रै हुने कुरा होइन। सरकारको आर्थिक रणनीति मजबुत हुन जरुरी छ। सरकारले आफ्ना पाँच प्राथमिकतालाई पूरा गर्न संरचनागत सुधार, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणालीमा सुधार, वित्तीय क्षेत्रमा सुधार, सार्वजनिक प्रशासन सुधारका लागि पाँच रणनीति तयार गरेको छ। यी रणनीति पूरा गर्न सरकार तथा सरकारी निकाय इमान्दार ढंगले लाग्न जरुरी छ।

'कहीँ नभएको जात्रा हाँडी गाउँमा' भनेझैं पुँजीगत बजेट पर्याप्त नछुट्याई सरकारले समृद्धिको सपना बुनेको छ। अर्थतन्त्रमा चौतर्फी रातो बत्ती बलेको बेला संकट समाधान हुने गरी बजेट आउनु पर्नेमा उही पुरानै ढाँचालाई निरन्तरता दिइएको छ। सरकारले विनियोजित गरेको बजेटमा चालू खर्च ६१.३१ प्रतिशत पुँजीगत खर्च १८.९४ प्रतिशत र १९.७४ प्रतिशत वित्तीय व्यवस्थापनका लागि छुट्ट्याइएको छ। उक्त बजेटमध्ये चालु खर्चका लागि ११ खर्ब ४० अर्ब ६६ करोड छुट्ट्याएको छ। सरकारले आम्दानी राजस्व १२ अर्ब ६० अर्ब ३० करोड छुट्ट्याइएको छ। शतप्रतिशत राजस्व उठेमात्र सरकारको आम्दानीबाट चालु खर्च पूर्ति हुने अवस्था आउँछ।

बजेटको इतिहासलाई फर्केर हेर्दा लक्ष्यअनुसारको कहिल्यै पनि राजस्व उठेको छैन। पुँजीगत खर्च शीर्षकमा ३ खर्ब ५२ अर्ब ३५ करोड छुट्ट्याइएको छ। पुँजीगत खर्चको आपूर्ति घाटा बजेटबाट पूर्ति हुने देखिन्छ। पुँजीगत खर्चको अवस्था क्रमशः ओरालो लाग्दो छ। जुन मुलुकमा पुँजीगत खर्चको झन्डै साढे तीन गुना चालु खर्च (साधारण खर्च) हुन्छ भने त्यहाँ समृद्धि/विकासको परिकल्पना कसरी गर्ने ? बजेट स्वाधीन अर्थतन्त्रमा भन्दा ऋणमा आधारित छ। विनियोजित बजेटको ३० प्रतिशत बजेट घाटामा छ। जुन ऋणबाट परिपूर्ति गर्ने भनिएको छ। हाम्रो सार्वजनिक ऋण अहिले झन्डै २४ खर्ब अर्थात् २३ खर्ब ९७ अर्ब ४३ करोड पुगेको छ। यो कुल गार्हस्थ्य उत्पादनको ४२.०२ प्रतिशतबराबर हो।

कहिलेकाहीँ हाम्रो राजस्वले चालु खर्चलाई नधानेको अवस्थामा पनि केही रकम ऋणबाट हुने गर्दछ। यसरी ऋणको सदुपयोग उत्पादनको क्षेत्रमा नभइरहेको अवस्थामा ऋणलाई आधार बनाएर बजेटको आकार बढाउनु तार्किक देखिँदैन। चालु बजेटमा आन्तरिक ऋण खर्च ४० अर्ब रुपैयाँ उठाउने लक्ष्य राखिएको छ। हाम्रा क्रान्तिकारी कम्युनिस्ट अर्थमन्त्री पुनले अझ एक कदम अघि बढेर ९० अर्ब रुपैयाँ बढाएर ३ खर्ब ३० अर्ब रुपैयाँ पुऱ्याएका छन्। मुलुकको बजेटरी इतिहासमा एक आर्थिक वर्षको बीचमा यति धेरै प्रतिशतले आन्तरिक ऋण बढाएको उदाहरण सायद छैन। उद्यमीहरूले सस्तो ब्याजदरमा ऋण नपाइरहेको अवस्थामा सरकारले आन्तरिक ऋण वृद्धि हुँदा ब्याजदरमा अझ चाप पर्ने देखिन्छ।

सरकारले जीडीपीको ५ प्रतिशतभन्दा बढी आन्तरिक ऋण उठाउन नपाउने मान्यतालाई लोप्पा खुवाइदिएको छ। यो वर्ष जीडीपीको आकार ५७ खर्ब पुऱ्याउने अनुमान गरिएको छ। आगामी बजेटमा वैदेशिक ऋणको आकार पनि धेरै बढाइएको छैन। आगामी वर्ष २ खर्ब १७ अर्ब रुपैयाँ मात्र वैदेशिक ऋण उठाउने भनिएको छ। जुन चालु आवको भन्दा ५ अर्ब रुपैयाँले मात्र बढी हो। समग्रमा बजेटमा ५ खर्ब ४७ अर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखिएको छ। यो कुल बजेटको झन्डै ३० प्रतिशत हो। सरकारको रणनीति उत्पादन बढाउने तथा राजस्वबाट खर्च धान्नेतर्फ उन्मुख हुनुपर्छ तर विनियोजित बजेटमा आन्तरिक ऋणको हिस्सा वृद्धि भएको देखिन्छ।

अन्त्यमा, लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था हुनुअघि राष्ट्रको ऋण एकदमै कम अर्थात्, प्रतिव्यक्ति १० हजार थियो। तर मुलुकमा लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास गरिरहँदा हरेक वर्ष ऋणको आकार बढ्दो रूपमा छ। उत्पादनमूलक क्षेत्रमा र विकास निर्माणका आयोजनामा केन्द्रित नहुँदा लिएको ऋणको प्रतिफल नआएको हो। तसर्थ आगामी दिनमा प्रतिफल आउने क्षेत्रमा ऋण लगानी गर्न सरकार तथा सरकारी निकायको ध्यान केन्द्रित हुन अपरिहार्य छ। सधैं ऋण लिएर मात्रै देशको शासन सत्ता चलाउनु हुँदैन। अर्थतन्त्रको उत्पादन क्षमता विकास गर्न तथा दीर्घकालीन महत्वका सजिलै लगानी उठ्ने पूर्वाधारमा ऋण लिनु राष्ट्रका लागि घातक होइन। एक दशकको मात्र तथ्यांक हेर्ने हो भने मुलुकमा संकलन हुने कुल राजस्वको ९० प्रतिशतभन्दा धेरै हिस्सा चालु खर्चमै ठिक्क छ। अनि कसरी हुन्छ मुलुकको विकास ?

# मेयर महर्जनसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा(प्रस) । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ललितपुरको गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगले सोमबार मेयर महर्जनसहित १४ जनाविरुद्ध १ अर्ब ४ करोड ८७ लाख ३३ हजार रुपैयाँ बिगो माग गर्दै विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरेको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए।

उनका अनुसार अख्तियारले मर्हजनसहित ४ जना कर्मचारी र ९ जना क्रसर सञ्चालकलाई विपक्षी बनाइ फरक-फरक शीर्षकमा पाँच थान मुद्दा दायर गरिएको हो। उनीहरूमाथि ढुंगाखानीमा




अनियमितता गरेको आरोप छागोदावरी नगरपालिका क्रसर,खानी तथा नदीजन्य पदार्थ (ढुंगा,गिटी बालुवा,वेस,चिप्स) आदिमा सरकारी दररेट भन्दा कम मात्र कर जम्मा गरी वार्षिक करोड राजश्व हिनामिना गरेको भन्ने उजुरीका आधारमा अनुसन्धान हुँदा करोडौं रकम हिनामिना गरेको पुष्टि हुन आएको अख्तियारले जनाएको छ।

नगरप्रमुख महर्जन,नगर उपप्रमुख नमूना अधिकारी,तत्कालीन प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती र तत्कालीन राजश्व शाखा प्रमुख तथा राजश्व परामर्श समितिका सदस्य सचिव श्रीराम आचार्यले २० करोड ४९ लाख ५३ हजार ७५० रुपैयाँ राजश्व हिनामिना गरेको अख्तियारले जनाएको छ।

उनीहरूबिरुद्ध प्रत्येक व्यक्तिलाई सोही रकमको दोब्बर जरिवाना सजायको माग गरिएको छाकर्मा कन्स्ट्रक्सन र सोको संचालक रवि महर्जनलाई मुख्य कसुरदार सरह सजायको माग गरिएको छ। उनीलाई २० करोड ४९ लाख ५३ हजार ७५० रुपैयाँ जरिवाना तोकिएको छ। निराकार ढुंगा रोडा उद्योग प्रालि र सो को सञ्चालक मधुसुदन डोटेल,मछिन्द्रनाथ मल्टी प्रपोज प्रालि,सोको सञ्चालक केदारनाथ तिमल्सेना,सजिलो रोडा ढुंगा उद्योग प्रालि र सोको सञ्चालक शशिराज शाही,विरेन्द्र महर्जन ढुंगा उद्योग प्रालि र सोको सञ्चालक वीरेन्द्र महर्जनलगायतविरुद्ध पनि राजश्व चुहावट रकमको दोब्बर जरिवाना माग गरिएको अख्तियारको आरोप पत्रमा उल्लेख छ।

# अरिदमन गणमा एकीकृत अभ्यास मनसुन-४

बिर्तामोड(प्रस) । झापाको चारआलीस्थित नेपाली सेनाको अरिदमन गणले मनसुन-४ कार्यक्रमअन्तर्गत विषयगत प्रस्तुतीकरण तथा गोलबन्ध अभ्यास (टिटिएक्स) सञ्चालन गरेको छ ।

मनसुनको सुरुवातसँगै झापामा हुने मनसुनजन्य विपद तथा जोखिमको प्रतिकार्यस्वरुप पूर्वतयारी र विपदको समयमा गर्नुपर्ने समन्वयात्मक कार्यमा सहज होस् भन्ने उद्देश्यका साथ सोमवार अभ्यास सञ्चालन गरिएको हो ।




कार्यक्रममा झापा जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालगायत झापाका सुरक्षा प्रमुख, जिल्ला रेडक्रस सोसाइटीका पदाधिकारी, विभिन्न पालिकाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

प्रमुख जिल्ला अधिकारी बास्तोलाले उद्घाटन गरेको कार्यक्रममा जिल्ला प्रशासन, सुरक्षा निकाय लगायत सरोकारवाला संघसंस्थाहरुले विपद व्यवस्थापनको पूर्वतयारी, हालको अवस्था र क्षमताको सम्बन्धमा प्रस्तुतीकरण समेत दिएका थिए ।

कार्यक्रममा आधारित रहेर जेठ २२ गते मंगलवार मेचीनगरस्थित निचाझोडा सिमसार क्षेत्रमा विपद् व्यवस्थापनसम्बन्धी बृहत डेमोस्ट्रेसन र वृक्षरोपण कार्यक्रम आयोजना गरिएको नेपाली सेना चारआली ब्यारेकले जनाएको छ ।

# सामुदायिक वनका अध्यक्षसहित आठजना पक्राउ

झापा(प्रस) । दक्षिणी झापाको कचनकवल गाउँपालिका-७ स्थित पाथीभरा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसहित आठ जना पक्राउ परेका छन् ।

सामुदायिक वनबाट काठ चोरी गरी बिक्री गरेको आरोपमा अध्यक्षसहित आठ जना पक्राउ परेको डिभिजन वन कार्यालय झापाले जनाएको छ । डिभिजनले भने पक्राउ परेका व्यक्तिहरूको नाम गोप्य राखेर अनुसन्धान गरिरहेको छ ।



वनमा केही रुख काटिएका ठुटाहरूको आधारमा र सामुदायिक वनका काठ पनि हराएकोले आरोपीहरूमाथि २०८० चैत ४ मा वन पैदावार काटी हानी नोक्सानी गरेको तथा कोष हिनामिना गरेको आरोपमा मुद्दा दर्ता भएको वनका सूचना अधिकारी अञ्जना पुरीले जानकारी दिइन् ।

मुद्दा दर्तापछि २०८१ जेठ १३ गतेका दिन सात जना र जेठ १८ गतेका दिन एक जनालाई पक्राउ गरिएको थियो । उनीहरू सबैलाई घरबाट पक्राउ गरी डिभिजन वनमा ल्याएको सूचना अधिकारी पुरीले बताए ।

उनीहरूमाथि अनुसन्धान सुरु भइसकेको छ । अहिले तीन वटा मात्र ठुटा भेटिएको र हिसाबमा पनि फरक देखिएपछि कति परिमाणको काठ बिक्री गरेको बारेमा अनुसन्धान प्रक्रियामै रहेको उनले बताइन् ।

यता डिभिजन वन प्रमुख मेघराज राईले मुद्दा दर्ता गराई अदालतमा म्याद थप भइसकेको र अनुसन्धानको प्रक्रियामा रहेकोले उनीहरूको नाम सार्वजनिक गर्न नमिल्ने बताए । अदालतबाट फैसला भएर आएपछि मात्र नाम सार्वजनिक गर्न मिल्ने कानुनी प्रावधान रहेको उनको दाबी छ ।

# ‘पेवेल’ र ‘सजिलो पे’ को खाता रोक्का

झापा(प्रस) । हुन्डी, तस्करीलगायत गैरकानुनी कारोबारमा संलग्न भेटिएपछि नेपाल राष्ट्र बैंकले भुक्तानी सेवा प्रदायक संस्थाहरु ‘पेवेल नेपाल प्रालि’ र ‘सजिलो पे मेमेन्ट सर्भिसेज प्रालि’को बैंक खाता रोक्का गरेको छ । सोमबार सूचना निकालेर राष्ट्र बैंकले ती कम्पनीहरुको सबै बैंक खाता रोक्का गरेको हो ।

‘यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाहरु पेवेल नेपाल प्रालि, अनामनगर, काठमाडौं र सजिलो पे पेमेन्ट सर्भिसेज प्रालि, बालुवाटार, काठमाडौंबाट भैरहेका कारोबारहरु नियामकीय अनुपालनासम्बन्धी छानबिनको क्रममा रहेका छन,’ राष्ट्र बैंकले भनेको छ, ‘यसकारण उपर्युक्त संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरु अर्को निर्णय नभएसम्मका लागि रोक्का गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।’

राष्ट्र बैंक स्रोतका अनुसार यी संस्थाबाट भएको कारोबार निकै शंकास्पद रहेको, हुन्डी, तस्करीलगायत गैरकानुनी कारोबारमा संलग्न रहेकोलगायत कारण अनुसन्धान पुरा नभएसम्मका लागि बैंक खाता कारोबार रोक्न निर्देशन दिइएको हो ।

‘प्रारम्भिक अनुसन्धानमा ती संस्थाहरुबाट निकै शंकास्पद कारोबारहरु भएको, एकै व्यक्तिको खाताबाट करोडौं रुपैयाँको कारोबार भएको देखिएको छ,’ स्रोतले भन्यो ।

# हल्दिबारीमा कोपोमिससम्बन्धी तालिम

झापा(प्रस)।हल्दिबारी गाउँपालिका क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरुलाई तीन दिने सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस )सम्बन्धी तालिम हल्दिबारी गाउँपालिकामा सुरु भएको छ।

पालिका भित्रका १५ वटा सहकारी संस्थाका व्यवस्थापक तथा कर्मचारीहरु तालिममा सहभागी भएका छन्।

सहकारीका नियमन क्षेत्राधिकार , वित्तीय सुरक्षा लगायतका विषयमा दमक नगरपालिकाबाट आएका प्रशिक्षक घनेन्द्र रिजालले प्रशिक्षण दिएका थिए।

तालिमको मुख्य उद्देश्य सहकारी संस्थाहरूको सम्पूर्ण आर्थिक र व्यवस्थापकीय पक्षहरूको सम्पर्क सिस्टममार्फत केन्द्रसँग जोडिने भएकाले संस्थाको आर्थिक पारदर्शीता कायम राख्न मद्दत पुर्याउने रहेको शाखा प्रमुख कर्णले बताइन्। तालिम ३ दिन सम्म संचालन हुनेछ।

हल्दिबारी गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा भएको उद्घाटन समारोहमा प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन महेन्द्र,वडा नं १ का वडाध्यक्ष देवीबहादुर थापा,२ का वडाध्यक्ष शुकलाल राजवंशी र ४ नं वडाका वडाध्यक्ष सन्तकुमार थापालगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमको औचित्य पुष्टि गर्दै प्रमुख प्रशासकीय अधिकृत वनले कतिपय सहकारी नियमसंगत नचल्दा सदस्यहरूले दुःख पाइरहेकोले त्यस्तो अप्ठ्यारो परिस्थिति नआओस् भनेर तालिम आयोजना गरिएको बताए।

यस्तै अध्यक्ष लिङ्देनले सहकारीको मूल मर्मभित्र रहेर कार्य गर्न सबैलाई अनुरोध गरेका थिए। उनले सहकारीले पैसा कमाउने मात्रै नभएर जनताको हितमा काम गर्नुपर्नेमा जोड दिदै जनतासँग प्रत्यक्ष जोडिने काम गर्न सुझाव दिएका थिए।कार्यक्रमको सहजीकरण सहकारी शाखा प्रमुख कर्णले गरेकी थिइन्।

हाल हल्दिबारी गाउँपालिकाभित्र स्थापना भई पालिकाकै क्षेत्राधिकारभित्र २ वटा ज्येष्ठ नागरिक, ३ वटा महिलाहरूले मात्रै संचालन गरेको र बाँकी १० वटा अन्य सहकारी संस्थाहरू संचालनमा रहेका छन्।

# बीउविजन र मलखाद माग

बिर्तामोड(प्रस) । नेपाली कांग्रेस झापाले किसानलाई उच्च गुणस्तरीय बीउविजन, मलखाद र कृषि सामग्री सर्वसुलभ रुपमा उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न जिल्लाका पदाधिकारी, क्षेत्रीय, प्रदेशसभा क्षेत्रीय, गाउँ-नगर सभापति, निर्वाचित जनप्रतिनिधि एवं पालिका तहका उम्मेद्वारहरुको जिल्ला पार्टी कार्यालयमा सोमबार सम्पन्न बैठकले खेतीपातीको मुख्य सिजन भइसक्दा पनि किसानहरुले गुणस्तरीय बीउविजन एवं मलखादको अभाव भोगिरहनुपरेको भन्दै समयमै गुणस्तरीय बीउविजन र मलखाद उपलब्ध गराउन सरकारसँग जोडदार माग गरेको हो ।

धान रोपाइँका लागि बीउ राख्ने मुख्य सिजन भएपनि किसानहरुले




उच्च गुणस्तरको बीउ एवं रासायनिक मल प्राप्त गर्न सकेका छैनन् । नेपालीहरुको मुख्य पेशा कृषि नै रहेको र समयमा बीउविजन, मलखाद नपाउँदा एवं सिंचाईंको ब्यवस्था नहुँदा राष्ट्रको कुल गार्हस्थ उत्पादनमा नै असर पुग्ने निष्कर्ष निकाल्दै बैठकले किसानका समस्या तत्काल समाधान गर्न सरकारसँग माग गरेको हो ।

बैठकले झापाका १५ वटै पालिकामा ‘पार्टी समन्वय र सहजीकरण संयन्त्र’ गठन गर्ने निर्णय गरेको छ । जनताका काम सर्वसुलभ ढंगले सञ्चालन गर्दै स्थानीय आवश्यकताको प्राथमिकताका आधारमा बजेट विनियोजन गर्न जनप्रतिनिधिहरुसँग समन्वयात्मक भूमिका खेल्ने उद्देश्यका साथ झापाका १५ वटै पालिकामा ‘पार्टी समन्वय र सहजीकरण संयन्त्र’ गठन गरिएको नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले जानकारी दिए । पार्टी केन्द्रीय समितिको निर्देशनबमोजिम उक्त संयन्त्रमा पार्टीबाट निर्वाचित जनप्रतिनिधि र पालिका तहका पार्टीका उम्मेद्वारमध्येबाट तीनजना, पार्टीका पालिकातहका सभापतिसहित पार्टीबाट तीनजना एवं पार्टीका शुभचिन्तक वा सामाजिक ब्यक्तित्वमध्येबाट तीनजना गरी ९ सदस्यीय संयन्त्र गठन गरिएको सचिव नवीन विमलीले जानकारी दिए ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन राष्ट्रिय दैनिक — वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष** — रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
- **वृष** — आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
- **मिथुन** — सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
- **कर्कट** — जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
- **सिंह** — सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
- **कन्या** — मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
- **तुला** — कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
- **वृश्चिक** — आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
- **धनु** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
- **मकर** — नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
- **कुम्भ** — ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
- **मिन** — आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ